## आँधीखोला गाउँ कार्यपालिकाको
## ६५ औं बैठक

आज मिति २०८२ साल माघ २० गते मङ्गलबारका दिन आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसेको कार्यपालिकाको बैठकमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो।

### उपस्थिति

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री विश्वनाथ पौडेल | अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिता थापा | उपाध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नारायण प्रसाद सापकोटा | सचिव ,आँधीखोला गाउँपालिका |
| | श्री पवनकाजी अधिकारी | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कमल प्रसाद पौडेल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री शेरवहादुर कार्की | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिंह वहादुर क्षेत्री | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कृष्ण प्रसाद पनेरु | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नविन ढकाल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कल्पना शर्मा | सदस्य,आँधीखोला गाउँपालिका |
| थानकुमारी | श्री थान कुमारी सुवेदी | सदस्य,आँधीखोला गाउँपालिका |
| | श्री गोमा पौडेल पोखेल | सदस्य,आँधीखोला गाउँपालिका |
| गोमा | श्री गोमादेवी सुनार | सदस्य,आँधीखोला गाउँपालिका |
| | श्री टीकाराम नेपाली | सदस्य,आँधीखोला गाउँपालिका |
| | श्री बल वहादुर सुनार | सदस्य,आँधीखोला गाउँपालिका |
| अन्य उपस्थिति | | |
| | श्री प्रकाश पौडेल | ईन्जिनियर, आँधीखोला गाउँपालिका |
| | श्री रोशन लामिछाने | सूचना प्र.अ., आँधीखोला गाउँपालिका |
| | श्री आजाद पौडेल | लेखापाल, आँधीखोला गाउँपालिका |



Scanned with OKEN Scanner

६५ औं कार्यपालिका बैठक
२०८२/१०/२० गते विहिबार

**प्रस्तावहरु**

१) अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यान्वयन स्थिति समीक्षा।
२) सेवा प्रवाह स्थिति समीक्षा।
३) आ.व. २०८३।०८४ का लागि सङ्घीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने।
४) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्ययोजना स्वीकृत तथा परामर्शदातासँग भएको संझौता अनुमोदन गर्ने।
५) राष्ट्रिय रोजगारतर्फका योजना छनौट गर्ने।
६) विशेष अनुदानतर्फका कार्यक्रमको ठेक्का प्रकाशन गर्ने।
७) धरौटी फिर्ता।
८) योजना तथा कार्यक्रमको भुक्तानी तथा फरफारक।
९) विविध।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८२/०९/१८ गते बसेको ६४ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनका सम्वन्धमा समीक्षात्मक छलफल भयो। बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय एवम् सेवा कार्यालयबाट प्रदान गर्दै आइरहेका सेवा प्रवाहको सम्बन्धमा समिक्षा गरियो। गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय एवम् सेवा कार्यालयबाट उपलब्ध गराइने सेवालाई परिणाममुखी, सेवामुखी, नागरिकमैत्री र प्रविधिमैत्री बनाउँदै लैजाने।

**निर्णय नं. ३**

राष्ट्रिय योजना आयोग, सिंहदरवार काठमाण्डौको मिति २०८२।०८।२६ मा प्रकाशित सूचना बमोजिम आ.व. २०८३।०८४ का लागि सङ्घीय समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत देहायका आयोजना वा कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने। साथै सङ्घीय समपुरक आयोजनामा पालिकाको तर्फबाट समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ बमोजिम आगामी आ.व. २०८३।०८४ को समपुरक कोषमा विनियोजित हुने बजेटबाट श्रोत सुनिश्चितता हुने गरी लागत साझेदारी गर्ने।

Scanned with OKEN Scanner